नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी वल प्रधान कार्यालय,

प्रवन्ध शाखा, हलचोक काठमाण्डौ

## बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०६६।१२।०१ गते ।**

१. सशस्त्र प्रहरी वल प्रधान कार्यालयले नेपाल ए.पि.एफ. अस्पताल बलम्बुको निमित्त दाँत सम्बन्धी विभिन्न औजार उपकरणहरु आपूर्तिको लागि सिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

२. बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धी थप जानकारी लिन चाहेमा सशस्त्र प्रहरी वल प्रधान कार्यालय, प्रवन्ध शाखा हलचोक काठमाण्डौको फोनं.नं.४२८९७४९, फ्याक्स नं.४२७५६८५, वेभसाईट www.apf.gov.np तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.ppmo.gov.np बाट बोलपत्र सम्बन्धी कागजात निरीक्षण गर्न सक्नेछन् ।

३. योग्य बोलपत्रदाताहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र बोलपत्र सम्बन्धी कागजात सशस्त्र प्रहरी वल प्रधान कार्यालय प्रवन्ध शाखा हलचोक र कोष तथा लेखा नियन्त्रक कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा लिखित निवेदन दिई नगदै रु.१,०००।- (फिर्ता नहुने गरी तिरी) खरिद गर्न सक्नेछन् ।

४. बोलपत्रसाथ बोलपत्र सुरक्षण वापत कम्तिमा बोलपत्रमा उल्लेख गरेको जम्मा बोल कबोल अंकको २.५% ले हुने रकम बराबरको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको बोलपत्र जमानत (बिड बण्ड) संलग्न हुनु पर्नेछ र यसको मान्य अवधि बोलपत्रको मान्य हुने अवधि भन्दा ३० दिन बढीको हुनु पर्नेछ ।

५. बोलपत्रदाताले बोलपत्र सुरक्षण वापतको रकम नगदमा पेश गर्न चाहेमा यस कार्यालयको नेपाल राष्ट्र वैकं स्थीत धरौटी खाता नं.स.अ.१३१८६१।०६६ मा नगदै दाखिला गरी सो को सक्कलै भौचर बोलपत्रसाथ पेश गर्न पर्नेछ ।

६. सिलबन्दी बोलपत्र सम्बन्धी कागजात मिति २०६६।१२।३१ गते १२:०० बजे भित्र यस कार्यालयमा पेश गरी सक्नु पर्नेछ, सो म्याद पछि प्राप्त भएका सिलबन्दी बोलपत्रहरु स्वीकार गरिने छैन ।

७. सिलवन्दी वोलपत्रहरु बोलपत्रदाता तथा निजहरुको प्रतिनिधिको रोहवरमा सशस्त्र प्रहरी वल प्रधान कार्यालयमा मिति २०६६।१२।३१ गते १४:०० वजे बोलपत्र खोलिनेछ । (बोलपत्रदाता तथा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोलिने कार्यमा बाधा पर्ने छैन ।)

८. बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने, दाखिला गर्ने वा खोल्ने अन्तिम मितिका दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्टलाई अन्तिम मिति मानी त्यस सम्बन्धी कार्य गरिने छ ।

९. यस कार्यालयलाई कुनै वा सबै बोलपत्रहरु कारण खुलाई वा नखुलाई, पूर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार सुरक्षित रहनेछ ।

१०. सो देखि बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, नियमावली तथा बोलपत्र कागजातमा उल्लेख भए अनुसार हुनेछ ।

# <u>बोलपत्रदातालाई निर्देशन</u>

१. बोलपत्र सम्बन्धी कागजातहरु स.प्र.बल प्र.का. प्रवन्ध शाखा हलचोक तथा कोष तथा लेखा नियन्त्रक कार्यालय त्रिपुरेश्वर काठमाण्डौंवाट सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र वोलपत्र फारम दस्तुर रु.१,०००।- नगदै तिरी खरिद गर्न सकिने छ र सिलबन्दी वोलपत्र दाखिला यस कार्यालयमा ३१ औं दिनको १२:०० बजे सम्म गरिसक्नु पर्नेछ । दर्ता भएका सिलबन्दी बोलपत्रहरु सोही दिनको १४:०० बजे यस कार्यालयमा खोलिनेछ । दर्ता तथा खोल्ने दिन कारणबस सार्वजनिक बिदा परेमा सो सम्बन्धी कार्य सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही स्थान र समयमा गरिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । **<u>बोलपत्रको मान्य अवधी बोलपत्र खोलिने दिनबाट ९० दिनको हुनेछ ।</u>**

२. सिलबन्दी बोलपत्रको सुरक्षण बापत सिलबन्दी बोलपत्रसाथ ईजाजत प्राप्त वाणिज्य वैकंवाट जारी भएको कुल बोल कबोल अंकको २.५% बोलपत्र जमानत वा नगद धरौटीको हकमा यस कार्यालयको नेपाल राष्ट्र बैंक थापाथली स्थीत धरौटी खाता नं.स.अ.१३१८६१।०६६ मा नगदै दाखिला गरेको सक्कलै बैंक भौचर र विदेशी बैंकले जारी गरेको बोलपत्र जमानत भए नेपाल भित्रको ईजाजत प्राप्त बाणिज्य बैंकले प्रति-प्रत्याभुति (Counter Guarantee) गरेको हुनु पर्नेछ । वोलपत्र जमानतको मान्य अवधी वोलपत्रको मान्य अवधी भन्दा कम्तिमा ३० (तिस) दिन वढिको हुनपर्नेछ ।

३. बोलपत्रसाथ फर्म/संस्था/कम्पनी दर्ता / व्यवसाय दर्ता/मु.अ.कर दर्ता / स्थायी लेखा दर्ता प्रमाण-पत्र (प्यान दर्ता) को प्रतिलिपि, आ.ब.०६५/०६६ को कर चुक्ता प्रमाण-पत्र र यसैसाथ संलग्न घोषणापत्रमा दस्तखत गरी पेश गर्न पर्नेछ । प्रतिलिपिहरु नोटरी पब्लिक ऐन अनुरुप प्रमाणित गराएको हुनु पर्नेछ ।

४. विदेशी प्रिन्सिपल कंपनीले स्थानिय प्रतिनिधी मार्फत वोलपत्र दाखिला गर्दा बोलपत्र फाराममा उल्लेखित सामानहरु स्पेशिफिकेशनसंग मेल खाने ISO Standard प्रमाणित प्रमाण पत्रको सक्कलै कागजात सिलबन्दी बोलपत्रसाथ संलग्न राखी विदेशी मुद्रामा (Convertable Currency) दररेट पेश गर्नु पर्नेछ । मालसामान उत्पादन हुने देश, ब्राण्ड, मोडल र क्याटलग सहित सामानको मूल्य भन्सार तथा मु.अ. कर बाहेक सि.आई.पि. सशस्त्र प्रहरी बल प्रधान कार्यालयसम्म हुनु पर्नेछ । र स्वदेशवाट स्थानियरुपमा आपूर्ति गर्ने भएमा भन्सार सहित मु.अ.कर वाहेकको दररेट उल्लेख गर्न पर्नेछ ।

५. बोलपत्रदाताले दाँत सम्बन्धी औजार उपकरणहरुको थप स्पेशिफिकेशन, ब्राण्ड र क्याटलगहरु पेश गर्न चाहेमा बोलपत्र सम्बन्धी कागजातमा समावेश गर्न सकिनेछ ।

६. विदेशी कम्पनीको नेपाल स्थित स्थानीय प्रतिनिधीले प्रिन्सीपल कम्पनीको अख्तियारी पत्र सहित आफुले पाउने कमिशन अंक, भुक्तानीको तरीका, मुद्राको किसिम र अन्ये कुनै शर्त भए सो समेत खुलेको कागजात एवं आफुले एजेन्ट हुन स्वीकार गरेको पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

७. कबोल दररेट अंक र अक्षरमा प्रष्ट उल्लेख गरी प्रति इकाई मूल्य खुलाई पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । साथै माग गरिएको कागजात समेत एउटै खाममा आफुले आपूर्ति गर्ने सामानको नाम, फर्मको नाम ठेगाना सम्पर्क फोन नम्बर र बोलपत्र पेश गर्ने कार्यालयको नाम स्पष्ट रुपमा खुलाई पेश गर्नुपर्नेछ ।

८. बोलपत्रमा आपूर्ति गर्ने दाँत सम्बन्धी औजार उपकरणको विदेशी मुल्यको मुल्याङ्कन बोलपत्र खोलिने दिनको विदेशी विनिमय दरलाई आधार मानी गरिने छ ।

९. कुनै बोलपत्रदाताले हुलाक वा कुरियर मार्फत बोलपत्र पठाउन चाहेमा यस कार्यालयबाट बिक्री भएको बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाता वा अधिकृत प्रतिनिधिले नियमानुसार सही छाप गरी लाहाछाप समेत लगाई तोकिएको म्याद भित्रै पेश गरी सक्नुपर्ने छ ।

१०. <u>विदेशी कम्पनीले नेपाल स्थित एजेन्ट मार्फत बोलपत्र दाखिला गरेमा :-</u>

क) एजेन्टको नाम र ठेगाना,
ख) स्थानिय एजेन्ट नियूक्त गरेको आधिकारीक पत्र,
ग) स्थानिय एजेन्टले पाउने कमिशन, मुद्रा र भूक्तानीको किसिम,
घ) स्थानिय एजेन्टसंग भएको अन्ये कुनै शर्त,
ङ) स्थानिय एजेन्ट भए निजको स्थायि लेखा नंम्वर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र निजले एजेन्ट हुन स्वीकार गरेको पत्र ,

११. प्रतित पत्रको माध्यमबाट सामान आयात गर्दा नेपाल भन्दा बाहिर लाग्ने प्रतित पत्र सम्बन्धी सम्पूर्ण खर्च Beneficiary को नै हुनेछ ।

१२. विदेशी कम्पनीले नेपाल स्थीत स्थानिय एजेन्ट मार्फत दाखिला गरेको बोलपत्रको सम्पूर्ण दायित्व स्थानिय एजेन्टको नै हुनेछ ।

१३. बोलपत्रदाताले दाखिला गरी सकेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा सिलवन्दी वोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय समाप्त हुनु अगावै सिलबन्दी निवेदन दिन सक्नेछ ।

१४. बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित कुनै कुराहरुमा द्धिविधा भई सो सम्बन्धमा स्पष्ट गर्नुपर्ने भएमा तोकिएको समय सिमा भित्र कुनै बोलपत्रदाताले अनुरोध गरेमा बोलपत्र पेश गर्ने अन्तिम म्याद समाप्त हुनु अगावै त्यस्तो कुराहरु यस कार्यालयबाट स्पष्ट पारिने छ ।

१५. आपूर्ति गरिने औजार उपकरणहरु Operate गरेको मितिले कम्तीमा २ (दुई) बर्षको वारेन्टी अवधी हुन पर्नेछ, सो अवधीमा औजार उपकरणहरुको पार्टपूर्जा बिग्री फेर्न पर्ने अवस्थामा आपूर्तिकर्ताको आफ्नै खर्चमा पार्टपूर्जा फेरी मर्मत संभार समेत गर्ने दायित्व आपूर्तिकर्ताको नै हुनेछ ।

१६. पेश भएको बोलपत्रहरुको प्राविधिक स्पेशिफिकेशन जाँच गर्न सम्बन्धित बिषयको विशेषज्ञ रहेको प्रविधिक समिति गठन गरी समितिको सिफारीसमा नेपाल ए.पि.एफ. अस्पताललाई उपयुक्त हुने औजार उपकरणहरु खरिद गरिने छ ।

# बोलपत्रदाताले पालना गर्नपर्ने साधारण शर्तहरु

१. **बोलपत्रदाताको बोलपत्र जमानत जफत हुने अवस्थाः-**

क) बोलपत्र पेश गर्ने अन्तिम मिति र समय पछि बोलपत्र मान्य हुने अवधि भित्र बोलपत्रदाताले बोलपत्र संशोधन गर्न वा फिर्ता गर्न माग गरेमा,

ख) बोलपत्रमा देखिएको अंक गणितिय त्रुटी सच्याईएको कुरा बोलपत्रदाताले स्वीकार नगरेमा,

ग) छनौट भएका वोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तहरु अनुरुप खरिद सम्झौता नगरेमा,

घ) वोलपत्र स्वीकृत भए पश्चात नियमानुसार दाखिला गर्न पर्ने कार्य सम्पादन जमानत बोलपत्रदाताले खरिद सम्झौता गर्ने म्याद भित्र दिन नसकेमा,

ङ) यस कार्यालयले बोलपत्र परीक्षण गर्ने क्रममा बोलपत्रदातासंग आवश्यक जानकारी माग गर्दाको अवस्थामा बोलपत्रदाताले बोलपत्रको मुल्य वा सारभूत कुरा परिवर्तन गरेमा,

च) बोलपत्रदाताले आचरण विपरीतको काम गरेमा,

२. **बोलपत्रको पूर्णताको परिक्षण गर्दा आवश्यक पर्ने आधारभूत कुराहरुः-**

क) बोलपत्रदाताको अधिकार प्राप्त प्रतिनिधि वा स्थानिय एजेन्टलाई दिएको अधिकारनामाको कागजात,

ख) बोलपत्रदाताको र निजले उल्लेख गरेको माल सामानको ग्राह्यता (ईलिजीविलिटी) प्रमाणित गर्ने कागजात पेश भए/नभएको ।

ग) बोलपत्रदाताको योग्यता सम्बन्धी काजगात पेश भए/नभएको ।

घ) तोकिए बमोजिम अन्ये कुराहरु भए/ नभएको

ङ) बोलपत्रदाता ब्यक्तिगत रुपमा वा संयूक्त उपक्रमको साझेदारीको रुपमा एक भन्दा बढी बोलपत्रमा संलग्न भए वा नभएको ।

३. **बोलपत्र उपर कारवाही नहुने अवस्था :-**

क) सिलबन्दी भई नआएमा ।

ख) तोकिएको मिति र समय भित्र दाखिला हुन नआएमा,

ग) बोलपत्रदाताले फिर्ता लिएको बोलपत्र,

घ) आवश्यक माग गरिएको कागजात संलग्न नभएको र सहिछाप नभएमा,

ङ) आपसमा मिलोमतो गरी बोलपत्र पेश भएको प्रमाणित भएमा,

च) जमानत संलग्न नभएमा,

छ) यस कार्यालय वा को.ले.नि.का. काठमाण्डौबाट बिक्री भएको बोलपत्र सम्बन्धी कागजातमा बोलपत्र पेश नभएमा ।

ज) सम्बन्धित ब्यक्ति, फर्म, संस्था वा कम्पनी आफैले खरिद गरेको बोलपत्र सम्बन्धी कागजात भरी पेश नगरेमा ।

४. कुनै बोलपत्रदाताको बोल कबोल अंक सबैभन्दा न्यूनतम भएता पनि अन्तराष्ट्रिय मापदण्ड अनुसार माग गरिएको स्पेशिफिकेशन बमोजिमको सामान नभएमा क्रमशः सो भन्दा पछिल्ला बोलपत्रहरु स्वीकृत गर्न सकिने छ ।

५. मूल्याङ्कन समितिबाट छनौट भई स्वीकृत भएको बोलपत्रदाताले कबोल अंकको ५ प्रतिशत बराबरको रकम यस कार्यालयको माथी उल्लेखित धरौटी खातामा जम्मा गर्नु पर्ने वा सो बराबरको रकम सामानको वारेन्टी अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिसम्म मान्य हुने सशस्त्र प्रहरी बल प्रधान कार्यालयको नाममा ईजाजत प्राप्त बाणिज्य बैंकबाट जारी भएको शर्त रहित कार्य सम्पादन जमानीपत्र (Performance Bond) पेश गरी सामान आपूर्ति गर्ने सम्झौता गर्नु पर्नेछ ।

६. न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृत गरी सम्बन्धित बोलपत्रदातालाई १५ दिन भित्र खरिद सम्झौता गर्न नियमानुसार कार्य सम्पादन जमानत सहित उपस्थित हुन सूचना दिईने छ ।

७. स्वीकृतदाता आपूर्तिकर्ताले तोकिएको अवधी भित्र कार्य सम्पादन जमानत दाखिला गरी सम्झौता गर्न नआएमा निजको बोलपत्र जमानतको रकम जफत गरी सो भन्दा पछिको सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गरिने छ । निजले पनि कार्य सम्पादन जमानत दाखिला गरी खरिद सम्झौता गर्न नआएमा त्यस पछिको क्रमशः न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौताको सूचना दिईने छ ।

८. प्रिन्सीपल कम्पनी (विदेशी कम्पनी) ले स्थानिय एजेन्टलाई दिने कमिशन बोलपत्र दिंदाको अवस्थामा कम उल्लेख गरेकोमा पछि बढी कमिशन लिएको प्रमाणित भएमा त्यस्तो बोलपत्रदातालाई कालो सूची (Black List) मा राखी कारबाही गरिने छ ।

९. बोलपत्र सम्बन्धी सम्पूर्ण कारबाही प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ । बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा सुरक्षीत हुनेछ ।

१०. सो देखी बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

# करारका बिशेष शर्तहरु (Special Conditions of Contract)

१. **कार्य सम्पादन जमानत**

(क) कार्य सम्पादन जमानतको रकम करार मूल्यको मु.अ.कर सहितको रकमले हुने ५ प्रतिशत रकम हुन पर्नेछ ।

(ख) **कार्य सम्पादन जमानतको मान्य अवधि वस्तु अन्तिम रुपमा दाखिला गरेको, कार्य सम्पन्न गरेको, तथा आपूर्तिकर्तालाई अन्तिम स्वीकृतिको प्रमाणपत्र दिएको मिति पछि एक वर्षसम्म रहनेछ** । वस्तु बुझाए पछि र स्वीकार गरी लिए पश्चात कार्य सम्पादन जमानतको रकमलाई आपूर्तिकर्ताको वारेन्टी दायित्वलाई समेट्नका लागि करार मूल्यको २ (दुई) प्रतिशत कायम गरी घटाइनेछ । आपूर्तिकर्ताले तत्कालै मान्य अवधि सुहाउंदो तवरवाट बढाई आपूर्ति गरिएको वस्तुको वारेन्टी अवधि समाप्त नहुंदासम्म म्याद थप गर्न पर्नेछ ।

२. **निरीक्षण र जाँच :-** खरिद कार्यको आवश्यक निरीक्षण र जाँच स.प्र.बल प्र.का. हलचोक काठमाण्डौमा हुनेछ ।

३. **प्याकिङ्ग गर्ने**

(क) वस्तु प्याक तथा मार्किङ्ग गर्दा आवश्यक पर्ने थप कुराहरु देहाय बमोजिम रहेका छन्:-

(१) आपूर्ति गरिने सामानहरु बाटामा कसैले झिक्न नसक्ने, चिसो, ओस नलाग्ने र सामान नबिग्रने गरी प्याकिङ्ग गरेको हुनु पर्नेछ ।

४. **चलान गर्ने र सोका कागजात**

(क) **विदेशबाट आपूर्ति गरिएका वस्तुको लागि :-** वस्तु चलान भएपछि आपूर्तिकर्ताले यस कार्यालय र बीमा कम्पनीलाई फ्याक्स मार्फत करार नम्बर, वस्तुको विवरण, परिमाण, जहाज, वील अफ लोडिङ्गको नम्बर र मिति, वस्तु चलान भएको बन्दरगाह, चलान भएको मिति, वस्तु ओरालिने वन्दरगाह लगायत चलानी सम्बन्धी विस्तृत विवरणको जानकारी दिनेछ । आपूर्तिकर्ताले देहायका कागजातहरु खरिदकर्तालाई हुलाकबाट पठाइ सो को एक प्रति बीमा कम्पनीलाई पनि पठाउनेछ :-

- वस्तुको विवरण, परिमाण, इकाइ मूल्य र जम्मा रकम देखाउने आपूर्तिकर्ताको बीजक पत्रका प्रतिहरु ( Commercial invoice )
- नेगोसिएवल वील अफ ल्याडिङ्गको सक्कल प्रति २ थान र प्रतिलिपी २ थान “ भाडा पहिले नै भुक्तान भइसकेको” भन्ने लेखिएको हुनु पर्ने र ननेगोसिएवल वील अफ ल्याडिङ्गका सक्कल तथा प्रतिहरु ( Bill of ladding )
- हरेक प्याकेट भित्र रहेको वस्तुको विवरण सहितको प्याकिङ्ग सूची ( Packing List )
- बीमा प्रमाणपत्र ( Insurance Certificate )
- उत्पादक वा आपूर्तिकर्ताको वारेन्टीको प्रमाण पत्र ( Warranty Certificate )
- नियूक्ति गरिएको निरीक्षण निकायवाट जारी भएको निरीक्षण प्रतिवेदन र आपूर्तिकर्ताको कारखाना निरीक्षण प्रतिवेदन ( Quality Approval Certificate )
- उत्पत्तिको प्रमाणपत्र ( Certificate of Origin )

(ख) कागजातहरु बस्तु बन्दरगाह वा आगमनस्थलमा पुग्नु भन्दा कम्तिमा एक हप्ता अगाडि नै यस कार्यालयले प्राप्त गरेको हुनु पर्दछ र प्राप्त नभएमा सो कारणवाट हुने खर्चका लागि आपूर्तिकर्ता जिम्मेवार हुनेछ ।

५. **बीमा :-**

७.१ बीमा युद्ध र हड्तालको जोखिम समेत रक्षावरण गर्ने गरी गोदामदेखि गोदाम सम्मको "सम्पूर्ण जोखिमको आधारमा" सी.आई.पी.(डोर डेलिभरी) मूल्यको ११० प्रतिशत बराबरको रकम हुनेछ ।

६. **वारेन्टी**

(क) आंशिक हेरफेर भएको अवस्थामा वारेन्टीको अवधि वस्तु स्वीकार गरिए पछिको २ बर्षको हुनेछ । आपूर्तिकर्ताले यसका अतिरिक्त करारमा उल्लेख भए बमोजिम कार्य सम्पादनको प्रत्याभूति गर्नेछ । आपूर्तिकर्ताकै कारणले प्रत्याभूति पूर्ण वा आंशिक रुपमा प्राप्त हुन नसकेमा आपूर्तिकर्ताले आफ्नो स्वविवेकमा देहायको कुनै काम गर्नेछ :

(अ) करारमा तोकिएको करार दायित्व पूरा गर्न आफ्नै खर्चमा आवश्यक परे बमोजिम वस्तुमा आवश्यक परिवर्तन, सुधार, थप वा सो को कुनै अंश पूरा गर्नेछ ।

(आ) करार प्रत्याभूति पूरा गर्न नसकेको कारणले यस कार्यालयलाई पहिले निर्धारण गरिएको रकम क्षतिपूर्ति दिनेछ । त्यस्तो क्षतिपूर्तिको दर प्रति दिन ०.०५ प्रतिशत (शून्य दशमलव शून्य पाँच प्रतिशत) हुनेछ ।

(ख) वारेन्टी अवधिमा त्रुटी सच्याउने अवधि खास वस्तुको वुझाउने सूचीको ५०% अवधि)

७. **भुक्तानी :-** यस करार अन्तर्गत आपूर्तिकर्तालाई गर्नुपर्ने भुक्तानीको तरिका र शर्त देहाय बमोजिम हुनेछः-

(क) विदेशवाट आपूर्ति गरिएका वस्तुको भुक्तानीः **बोलपत्रमा उल्लेख भएको मुद्रामा देहाय बमोजिम गरिनेछ :-**

(अ) **प्रतीतपत्र :** करार सहीछाप भएको ३० तीस) दिन भित्र प्रतीत पत्र खोलिनेछ ।

(आ) **वस्तु चलान भई आवश्यक कागजात पेश गरेपछि पठाइएका वस्तुको करार मूल्यको ८० प्रतिशत रकम आपूर्तिकर्ताको देशमा रहेको बैंकमा निजले** पाउने गरी खोलिएको अपरिवर्तनीय प्रतितपत्रको माध्यमबाट भुक्तानी गरिनेछ ।

(ई) करार मूल्यको २० (बीस) प्रतिशत रकम पठाईएको वस्तु प्राप्त भएको ३० (तीस) दिन भित्र दावी पेश गरेमा यस कार्यालयले सो दावी समर्थन गरी स्वीकृति प्रमाणपत्र जारी गरेपछि भुक्तानी गरिनेछ ।

(ख) नेपाली रुपैंयामा सामानको दररेट उल्लेख गरी आपूर्ति गर्ने भएमा बिल रकममा ५% निरोधित जमानत (पछि नियमानुसार फिर्ता हुने गरी) र १.५% अग्रिम आयकर बापतको रकम कट्टा गरी कर कार्यालयमा दाखिला गराई बांकी रकम भुक्तानी गरिने छ ।

(ग) आपूर्तिकर्ताले देहायका कागजात पेश गरेपछि भुक्तानी गरिनेछ :-

(अ) माथि उल्लेख भए बमोजिम प्रतितपत्र खोलिएकोमाः खरिदकर्तालाई औपचारिक अनुरोध पत्र प्राप्त भएपछि

(आ) माथि उल्लेखित किस्ताका हकमा : उल्लेखित तथा सूचीकृत सम्पूर्ण कागजात पेश गरेपछि

(ई) माथि उल्लेखित अन्तिम किस्ताका हकमा : यस कार्यालयवाट आपूर्तिकर्ताले आपूर्ति गरेका सम्पूर्ण वस्तु स्वीकार गरेको छ भन्ने प्रमाणपत्र पेश भएपछि कार्य सम्पादन जमानत फुकुवा गर्नका लागि खरिदकर्ताले बस्तुको वारेण्टी वा जमानत अन्तर्गत सम्पूर्ण दायित्व पूरा गरेको छ भनी दिएको पत्र पेश गर्नुपर्नेछ ।

८. मूल्य :-

(क) कुनै परिवर्त्य मुद्राको विनिमय दरमा परिवर्तन भएको कारणले करार मूल्यमा परिवर्तन भएकोमा खरिदकर्ताले त्यसलाई स्वीकार गर्ने छैन ।

(ख) कुनै परिवर्त्य मुद्राको सटही नेपाली मुद्रामा गर्नु परेमा नेपाल राष्ट्र बैंकद्वारा तोकिएको बिक्री दर बमोजिमका आधारमा गरिनेछ ।

९. पूर्व निर्धारित क्षतिपूर्ति (लिक्वीडेटेड ड्यामेज) :- करारको पालनामा ढिलाई भए वापत पूर्व निर्धारित क्षतिपूर्ति प्रति दिन करार मूल्यको ०.०५ प्रतिशतका दरले बढीमा करार मूल्यको १० (दश) प्रतिशत सम्म कट्टा हुन सक्नेछ ।

१०. विवादको समाधान :- मध्यस्थता कार्यविधिः

(क) यस कार्यालय र आपूर्तिकर्ता बीच कुनै विवाद उत्पन्न भएमा आपूर्तिकर्ता नेपाली नागरिक रहेको अवस्थामा नेपाल मध्यस्थता परिषद्को नियम बमोजिम विवाद समाधान गर्न मध्यस्थता समक्ष पठाइनेछ ।

(ख) यस कार्यालय र कुनै विदेशी आपूर्तिकर्ताका बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद अन्तर्राष्ट्रिय व्यापार कानून संबन्धी संयुक्त राष्ट्रसंघीय आयोग (अनसिट्रल) को मध्यस्थता संबन्धी नियम बमोजिम मध्यस्थताबाट समाधान गरिनेछ ।

११. करारमा लागू हुने भाषा : करारमा लागू हुने भाषा नेपाली वा अंग्रेजी हुनेछ ।

१२. करारमा लागू हुने कानून:- करारमा लागू हुने कानून नेपाल कानून हुनेछ ।

१३. कर तथा महसूलः-

(क) प्रतित पत्र खोलि विदेशबाट सामान आपूर्ति गर्दाको अवस्थामा नेपाल बाहिर लगाईने सम्पूर्ण कर, महशुल, ईजाजत दस्तुर र अन्य शुल्कको लागि बिदेशी आपूर्तिकर्ता पूर्ण रुपमा जिम्मेवार हुनेछ ।

(ख) नेपाली रुपैयामा दररेट उल्लेख गरी सामान आपूर्ति गर्दाको अवस्थामा करार बमोजिमका सम्पूर्ण वस्तु नबुझाएसम्मका लागि सम्पूर्ण कर, महशुल, इजाजतपत्र दस्तुर इत्यादि भूक्तानी गर्न स्थानिय आपूर्तिकर्ता जिम्मेवार हुनेछ ।

# आवश्यकताको सूची :-

| बिवरण | परिमाण | दाखिला गर्ने सूची |
|---|---|---|
| | | *(दाखिला गर्ने समय)* |
| Dental Chair with Operatiing stool | - 1 set | *विदेशबाट आयात गर्दाको हकमा* |
| Dental X-Ray with Manual X-Ray Developer | -1 pcs | *प्रतित पत्र खोलेको मितिले १०० दिन वा* |
| Air compressor | - 1 pcs | *स्वदेशवाट स्थानियरुपमा आपूर्ति गर्ने* |
| Electronic Apex locator | - 1 pcs | *भएमा सम्झौता भएको मितिले ९० दिन* |
| Ultrasonic Scalar with tips | - 1 pcs | *भित्र यस कार्यालयमा दाखिला गरिसक्नु* |
| | | *पर्नेछ ।* |

# Dental Chair with Operating Stool

- ## Dental Chair:-

Specification:

- Electrically Operated
- Senser Operative Light and Multintensity.
- Chair side Porcelain Spitton
- Vacuum Suction
- Airotor HPS
- Air Polisher
- 3 Way Syringe -2
- Multi Functional foot Control
- X-Ray view Box.

- ## Operating Stool:-

Specification

- Rasing and Lowering Back Rest Movement
- Seat Movement by Pneumatic Position
- Adjustable back rest
- Hand Rest.

## Dental X - Ray with Manual X-Ray Developer:-

Specification

- Tube Head 60-70 kv, 6-8 mA
- Exposure time range - 0.02- 3 Secs
- X-Ray field 50-70 mm (Round bld)
- Model Stand Tipe
- Automatic power cutoff at high and low voltage
- Sensor technology- CCD
- Pixel size 15 - 20 mm
- Pixel matrix 1500 - 1800 x 1000 - 1500

## Air Compressor

Specification:-

- Hp- 0.70-1
- Rpm - 1,200 - 1,500
- Voltage - 200-250 V
- Ampere- 4
- Free Flow Air 50 - 150 Lit/Min
- Tank Capacity 60 - 130 Lit

## Electronic Apex locator:-

Specification

| | |
|---|---|
| Display | - LCD display |
| Accessories | - File holder |
| | - Cable |
| | - Lip Clip |
| | - Y Shaped Stick |

नेपाल सरकार
गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल प्रधान कार्यालय

प्रवन्ध शाखा, हलचोक, काठमाण्डौ

## बोलपत्र फारम

| सि.नं. | सामानको नाम | परिमाण | प्रति ईकाई मुल्य भन्सार तथा मु.अ.कर बाहेक ( विदेशी मुद्रामा ) | प्रति ईकाई मुल्य मु.अ.कर बाहेक ने.रु.मा | जम्मा मुल्य | कैंफियत |
|---|---|---|---|---|---|---|
| 1 | Dental Chair with Operating stool | १ सेट | | | | |
| 2 | Dental X-Ray with Manual X-Ray Developer | १ थान | | | | |
| 3 | Air compressor | १ थान | | | | |
| 4 | Electronic Apexlocator | १ थान | | | | |
| 5 | Ultrasonic Scaler withs tips | १ थान | | | | |
| | | | | **कुल जम्मा** | | |

दस्तखत
बोलपत्रदाताको नाम :-
फर्म वा कंपनीको नाम :-
फर्म वा कंपनीको ठेगाना :-
टेलिफोन नं. :-
फर्म कंपनीको छाप :-

# करार फारम

आज मिति २०६६ साल ........ महिना ....... गतेका दिन नेपाल सरकार, गृह मन्त्रालय, सशस्त्र प्रहरी वल प्रधान कार्यालय, हलचोक काठमाण्डौ र श्री ............................................का प्रो./प्रतिनिधि ................................... वीच सम्पन्न सम्झौता,

सशस्त्र प्रहरी बलले दांत सम्वन्धी विभिन्न औजार उपकरणहरु आपूर्तिको लागि बोलपत्र आह्वान गरेकोमा ती सामानहरुको भन्सार तथा मु.अ.कर वाहेक ...................................... (करार मूल्य) वरावरको आपूर्तिकर्ताको बोलपत्र स.प्र.वल प्र.का.ले स्वीकार गरेकाले,

देहाय बमोजिम हुनेगरी संझौता गरिएको छ :-

१. यस संझौतामा प्रयोग भएका शव्द तथा अभिव्यक्तिहरुको अर्थ करारका शर्तहरुमा दिइए बमोजिम नै हुनेछ ।

२. देहायका कागजातहरु यस संझौताको अभिन्न अंगको रुपमा रहेने छन र तिनीहरुलाई सोही बमोजिम नै हुनेगरी प्रयोग गरिएको छः-

(क) करार संझौता
(ख) बोलपत्रदाताले पेश गरेको बोलपत्र फारम, मूल्य सूची
(ग) आवश्यकताको सुची
(घ) प्राविधिक स्पेसिफिकेशन
(ङ) करारका सामान्य शर्तहरु
(च) करारका विशेष शर्तहरु
(छ) यस कार्यालयले करार दिएको सम्वन्धी सूचना,

३. खरिदकर्ताले आपूर्तिकर्तालाई यसपछि उल्लेख भए अनुसार गर्ने भुक्तानीको प्रतिफल स्वरुप आपूर्तिकर्ताले खरिदकर्तालाई करारका शर्तहरु बमोजिम सम्पूर्ण रुपमा वस्तु र सेवा उपलव्ध गराउने तथा त्यसमा कुनै त्रुटी भएमा सो सच्याउने कुराको मञ्जूरी गरेको छ ।

४. खरिदकर्ताले करारका शर्तहरु बमोजिम सम्पूर्ण रुपमा वस्तु र सेवा उपलव्ध गराई त्यसमा भएका त्रुटी सच्याए वापत आपूर्तिकर्तालाई करारमा तोकिएको समय र तरिका बमोजिम करार मूल्य वा करारका शर्तहरु अनुरुप भुक्तानी गरिनु पर्ने अन्य कुनै रकम समेत भुक्तानी गर्ने कुराको मञ्जूरी गरेको छ ।

यस लिखतका पक्षहरुले निजहरुको उपस्थितिमा माथि शुरुमा उल्लेखित दिन, महिना र सालमा नेपालको कानून बमोजिम यो सम्झौता सम्पन्न गरेका छौ ।

| आपूर्तिकर्ताको तर्फवाट | खरिदकर्ताको तर्फवाट |
|---|---|
| नाम........................ | नाम........................ |
| सहीछाप............... | सहीछाप............... |
| पदः.............. | पदः.............. |
| छापः........... | छापः........... |

## सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २(ङ) संग सम्बन्धित

## लिखित घोषणा फाराम

त्यस कार्यालयको मिति .............................. गते .................................. मा प्रकाशित बोलपत्र आह्वानको सूचनामा उल्लेख भए बमोजिम म/मेरो फर्म, संस्था, कम्पनीको आधिकारीक प्रतिनिधिको हैसियतमा निम्न ब्यहोरा घोषणा गर्दछु ।

क) प्रस्तावित खरिद कारबाहीमा भाग लिन रोक लागेको वा कालो सूचीमा परी अयोग्य भएको छैन ।

ख) प्रस्तावित खरिद कारवाहमिा कुनै किसिमबाट स्वार्थ बाझिने अवस्था विद्यमान छैन ।

ग) सार्वजनिक खरिद कारबाहीमा संलग्न हुन आवश्यक सम्बन्धित पेशा वा ब्यवसाय सम्बन्धी कसुरमा सजायं भएको छैन ।

बोलपत्रदाता
फर्म/कम्पनीको नाम :-
ठेगाना :-
प्रोपाईटरको नाम थर :-
फोन नं. :-
दस्तखत :-
मिति :-